आज मिति २०८१/१२/२६ गते मंगलबारका दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको नवौं बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्णबहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जालबहादुर तामांङ | |
| ८. | वडा अध्यक्ष | चक्रबहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | दिकेश प्रजापती | |

**आमन्त्रीत उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | अधिकृत स्तर छैठौं | युगबहादुर खड्का | |

मिति २०८१ चैत्र २६ गते बसेको गाउँ कार्यपालिका‍को नवौं बैठक

**गाउँ कार्यपालिकाको नवौं बैठकको कार्यसूचि**

१. अघिल्लो गाउँ कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा ।

२. आवधिक योजना सम्बन्धमा ।

३. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

४. शिर्षान्तर सम्बन्धमा ।

५. आर्थिक सहायता सम्बन्धमा ।

६. सूचना प्रविधि अधिकृत सम्बन्धमा ।

७. भोटेकोशी पावर कम्पनिले सेतिदेवी शारदा मा.वि.लाई गाउँपालिकाको खातामा निकाशा गरेको रकम सम्बन्धमा ।

८. विविध ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आठौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णय कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको बाँकी निर्णयहरु समेत कार्यान्वयनको चरणमा रहेको पाइयो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आवधिक योजनाको वडा कार्यालय र गाउँपालिकाबाट उपलब्ध गराउने तथ्याङ्कहरुमा छलफल गरियो । तथ्याङ्क यथार्थ र बस्तुपरक भएको एकिन गरी आवधिक योजना निर्माण कार्य यथाशिघ्र सम्पन्नु गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथी छलफल गर्दा शिक्षा समितिको मिति: २०८१/१२/२५ मा बैठकको तपसिल बमोजिमका विद्यालयहरुको कक्षा समायोजन र समुदायमा आधारित बालविकास केन्द्रलाई नजिकको अगुवा विद्यालयमा समायोजन गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल

| क्र.सं. | विद्यालय/बालविकास केन्द्रको नाम | ठेगाना | समायोजन प्रकृति | कायम हुने |
|---|---|---|---|---|
| १. | सरस्वती आ.वि. | वडा नं ५ | बाल विकास केन्द्र कायम राखी कक्षा १ देखी ५ समायोजन | रतनकोट आ.वि वडा नं ५ |
| २. | देउराली आ.वि | वडा नं ६ | पूर्ण समायोजन | कोल्दोङदेवी मा.वि वडा नं ६ |

दपिन्द्र प्रसाद तिमिल्सिना

साथै,समायोजन भएका र कक्षा समायोजन भएका विद्यालयहरुको शिक्षक कर्मचारी तपसिल बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं | शिक्षक/कर्मचारीको नाम थर | पद/ तह | हाल कार्यरत विद्यालय | पठाइएको विद्यालय |
|---|---|---|---|---|
| १. | श्री मन्दिरा शिवाकोटी | मा.शि तृतिय | सेतिदेवी मा.वि वडा नं ६ | महेन्द्रोदय मा.वि वडा नं ६ |
| २. | श्री रश्मी श्रेष्ठ | मा.शि तृतिय | सेतिदेवी मा.वि वडा नं ६ | महेन्द्रोदय मा.वि वडा नं ६ |
| ३. | श्री कृष्ण प्रसाद उप्रेती | मा.शि तृतिय | सेतिदेवी मा.वि वडा नं ६ | महेन्द्रोदय मा.वि वडा नं ६ |
| ४. | श्री विमला थापा | नि.मा.शि तृतिय | चामुना आ.वि. वडा नं ६ | कोल्दोङदेवी मा.वि वडा नं ६ |
| ५. | श्री विनिता भण्डारी | नि.मा.शि तृतिय | चामुना आ.वि. वडा नं ६ | सेतिदेवी मा.वि वडा नं ६ |
| ६. | श्री देवेन्द्र थापा | प्रा.शि तृतिय | सरस्वती आ.वि वडा नं ५ | रतनकोट आ.वि. वडा नं ५ |
| ७. | श्री पूर्णमाया खत्री | प्रा.शि तृतिय | सरस्वती आ.वि वडा नं ५ | भूमेश्वरी मा.वि. वडा नं ५ |
| ८. | श्री स्वस्थानी के.सी | बाल विकास सहजकर्ता | देउराली आ.वि. वडा नं ६ | कोल्दोङदेवी मा.वि वडा नं ६ |
| ९. | श्री केसरी तामाङ | विद्यालय सहयोगी | सरस्वती आ.वि वडा नं ५ | रतनकोट आ.वि., वडा नं ५ |
| १० | श्री राजकुमार कार्की | सहायक कर्मचारी | सेतिदेवी मा.वि वडा नं ६ | महेन्द्रोदय मा.वि वडा नं ६ |
| ११. | श्री रिङ्कु भुजेल | मा.वि करार अंग्रेजी | महेन्द्रोदय मा.वि वडा नं ६ | भूमेश्वरी मा.वि. वडा नं ५ |

यसैगरी, सुनकोशी गाउँपालिका अन्तर्गत समुदायको आवश्यकताको आधारमा नया बाल विकास केन्द्र स्थापना गर्दा कम्तिमा ७ जना बालबालिका र यस अघि संचालनमा रहेका बाल विकास केन्द्र कायमै राख्नु परेमा गाउँपालिकाबाट अनुगमन गर्ने र कम्तिमा ४ जना बालबालिका अनिवार्य भर्ना हुनुपर्ने निर्णय गरियो । यसका साथै सरस्वती आ.वि वडा नं ५ मा कार्यरत बालविकास सहजकर्ता श्री मायाँ तामाङ लाई आगामी शैक्षिक सत्रमा उल्लेखित विद्यार्थी भर्ना सम्बन्धी मापदण्ड पुरा नभएमा सरस्वती आ.वि वडा नं ३ मा सरुवा गर्ने गरी निर्णय गरीयो ।

र, शैक्षिक सत्र २०८१ मा सन्चालन भएको गाउँपालिका स्तरिय आधारभूत तह उत्तिर्ण परिक्षा (कक्षा ५ र ८) को नतिजालाई विश्लेषण गर्दा कक्षा ५ को उत्तिर्ण प्रतिशत ५८.७४ र कक्षा ८ को ६२.७९ प्रतिशत देखिएको छ । उक्त नतिजा विगतको तुलनामा सुधार भएको देखिन्छ । कतिपय विद्यालयको नतिजा अझै अत्यन्तै न्यून देखिएको पाइएकोले चालिस प्रतिशत भन्दा कम उत्तिर्ण प्रतिशत भएका विद्यालयलाई लिखित जवाफ माग गर्ने निर्णय गरीयो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँ सभाको अधिवेशनबाट यस आर्थिक बर्ष २०८१/०८२ को लागि विनियोजित बजेटबाट केही शीर्षकमा विनियोजन भए भन्दा बढी खर्च भइसकेको र केही शीर्षकमा

खर्च हुन नसकेको अवस्थाका कारण कार्यालयको दैनिक कार्य सम्पादनमा समेत असर पुग्न सक्ने देखिएकोले देहाय बमोजिम खर्च हुन नसकेका शीर्षकबाट घटाई देहाय बमोजिम खर्च नपुग हुने शीर्षकमा रकम थप गरी बजेट कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**देहाय**

| क्र.सं. | विनियोजन बढी खर्च कम भएका | | | विनियोजन घटी खर्च बढी भएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | शीर्षक | घटाउनु पर्ने रकम | घटाए पश्चात कायम हुने रकम | शीर्षक | थप गर्नु पर्ने रकम | थप पश्चात कायम हुने रकम | |
| | प्रचार प्रसार तथा छपाई (वडा नं. ७) | ५०,०००।- | ० | सूचना तथा संचार (वडा नं ७) | ५०,०००।- | १,८५,०००।- | |
| | पारिश्रमिक सुविधा | ७,००,०००।- | ५३,००,०००।- | खेलकुद विकास कार्यक्रम | ७,००,०००।- | २४,००,०००।- | |
| | पिछडिएका वर्ग आय-आर्जन तालिम कार्यक्रम<br>दलित सम्बन्धी क्षमता विकास कार्यक्रम<br>बाल मैत्री स्थानीय तह घोषणा अभिमुखिकरण | १,००,०००।-<br>१,५०,०००।-<br>१,५०,०००।- | ०<br>०<br>१,००,०००।- | आर्थिक सहायता | ४,००,०००।- | २३,००,०००।- | |
| | सूचना प्रविधिको विकास तथा विस्तार<br>सञ्चारमैत्री कार्यक्रम<br>कर्मचारी क्षमता विकास कार्यक्रम<br>चौमासिक, अर्ध-बार्षिक र बार्षिक समिक्षा<br>शाखा व्यवस्थापन तथा क्षमता विकास | ४,७५,०००।-<br>२,००,०००।-<br>३,००,०००।-<br>१,००,०००।-<br>२५,०००।- | ०<br>०<br>०<br>१,००,०००।- | सन्देश मुलक सूचना प्रकाशन तथा प्रसारण खर्च<br>मिनिटिलर तथा पावर टिलर खरिद तथा वितरण<br>कृषक प्रोत्साहन कार्यक्रम | २,५०,०००।-<br>७,००,०००।-<br>१,५०,०००।- | ५,५०,०००।-<br>८७,००,०००।-<br>१६,००,०००।- | |
| | पारिश्रमिक कर्मचारी | २७,३९,०००।- | २,३९,२४,६५०।- | गाउँपालिका अनुदानमा आधारित शिक्षक-कर्मचारीको तलब भत्ता | २७,३९,०००।- | ८०,७१,०००।- | |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँपालिकाका तपसिल बमोजिमले विविध कारणले आर्थिक सहायता माग गर्नु भएको हुँदा तपसिल बमोजिम रकम आर्थिक सहायत शीर्षककबाट उपलब्ध गराउने निर्णय गरियो ।



CamScanner

मिति २०८१ चैत्र २६ गते बसेको गाउँ कार्यपालिकाको नवौं बैठक

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँपालिकाका तपसिल बमोजिमले विविध कारणले आर्थिक सहायता माग गर्नु भएको हुँदा तपसिल बमोजिम रकम आर्थिक सहायत शिर्षककबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं | नाम थर | कारण | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १. | चन्द्र प्रसाद न्यौपाने | साइत्यिक कृति प्रकाशनार्थ | २५,०००।- | |
| २. | सुनकोशी क्याम्पस | विद्यार्थी अवलोकन भ्रमण | ५०,०००।- | |
| ३. | अमरध्वज लामा | निजको छोरा सार्वजनिक पौडि पोखरीमा परी मृत्यु भएको | ५०,०००।- | |

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा यस कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री भुजन श्रेष्ठ मस्तिष्क घात भई लामो समयदेखी टिचिङ अस्पताल महाराजगंजमा उपचाररत रहनुभएको र यस कार्यालयमा सूचना प्रविधि केन्द्रबाट गर्नुपर्ने कार्यसम्पादनमा समस्या भइरहेको अवस्थामा विद्यमान कानुन बमोजिम सूचना प्रविधि अधिकृत पदमा खुला विज्ञापन गरी करारसेवाबाट पदपूर्ति गर्ने निर्णय गरीयो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा भोटेकोशी पावर कम्पनिले विद्यालय सुधार कार्यको लागि वडा नं. ७ मा रहेको सेतिदेवी शारदा मा.वि.लाई उपलब्ध गराउन गाउँपालिकाको खातामा निकाशा गरेको रु. ४,५०,०००। सम्बन्धित विद्यालयको खातामा निकासा गर्ने निर्णय गरियो ।

७. प्रस्ता नं ७ को विविध प्रस्ताव माथि छलफल गर्दा

क) सुनकोशी गाउँपालिका अन्तर्गत ७ बटै वडामा रहेका सार्वजनिक भवन तथा भौतिक संरचनाहरु हाल क-कस्ले उपयोग गरिरहेका छन् सो सम्बन्धमा अध्ययन गरी २०८२।०१।२५ सम्म प्रतिवेदन पेश गर्ने गरी तपसिल बमोजिम ५ सदस्यीय अध्ययन समिति गठन गर्ने निर्णय गरीयो ।

तपसिल:

१. ईश्वर तिमलसिना- संयोजक
२. ईश्वर तामाङ- सदस्य
३. जाल बहादुर लामा- सदस्य
४. युग बहादुर खड्का- सदस्य सचिव

ख) सुनकोशी गाउँपालिका वडा नं ५ रतनकोट निवास श्री ल दोर्जे तामाङलाई २० बर्षको उमेरमा मुटु सम्बन्धी RCH TOF रोग का कारण उपचारको लागि वडा नं ५ को अति विपन्न परिवार एम्बुलेन्स संचालन खर्च शिर्षकमा विनियोजित रु ५० हजार रुपैया आर्थिक सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरीयो ।

हरिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

दिनेश प्रजापती
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१ चैत्र २६ गते बसेको गाउँ कार्यपालिकाको नवौं बैठक

ग) श्री बाल शिक्षा आ.वि सुनकोशी १ ठोकर्पा जामुने १०८१ बैशाख १ बाट कक्षा ८ सम्म सञ्चालन हुने र उक्त विद्यालयमा आ. वि (१-८) अंग्रेजी शिक्षक अभाव भएकोले संघीय शिक्षण सिकाई अनुदानबाट तलव भुक्तान हुनेगरी १ जना अंग्रेजी शिक्षक करार सेवामा पदपूर्तिका लागि अनुमती दिने निर्णय गरीयो ।

घ) सुनकोशी आधाभूत अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीको लागि चैत्र महिनाको तलब भत्ता निशुल्क औषधी खरिद, प्याकिङ तथा ढुवानी शिर्षकबाट ६ लाख २५ हजार रुपैयाँ सुनकोशी आधारभूत अस्पताल सञ्चालन खर्च शिर्षकमा रकमान्तर गरी भुक्तानी दिने निर्णय गरीयो ।

ङ) गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिकाले सुचना प्रकाशन गरी आवेदन संकलन भएको र अधिकांश आवेदनमा मौरीपालन संग सम्बन्धित भएकोले वडा नं १, ५, ६ र ७ मा मौरी पालन कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरीयो ।

टपिन्द्र प्रसाद तिमल्सिना
गा.पा. अध्यक्ष

CamScanner